नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइटः www.dls.gov.np

इमेलःdg@dls.gov.np (DG)

dlsplanningmonitoring@gmail.com


पत्र संख्याः-

चलानी नं.:-

## प्रेस विज्ञप्ति

मितिः २०८१।११।०८

कोशी प्रदेशको सुनसरी जिल्ला, कोशी गाउँपालिका वडा नं ६, कुम्याहीमा पालिएका हाँस र लोकल कुखुराको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा रियल टाइम पि.सि.आर विधिबाट परीक्षण गर्दा मिति २०८१।११।०५ गते बर्ड फ्लु रोग (H5N1) प्रमाणित भएको छ।

रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल नियन्त्रणमा लिन संघ, प्रदेश तथा स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायहरूलाई परिचालन गरी रोग प्रभावित क्षेत्रमा रहेका सम्पूर्ण घरपालुवा पन्छी तथा रोग सार्न सक्ने अन्य वस्तु समेत नष्ट गरिसकिएको छ। यस क्रममा ४४३ गोटा हाँस, २ गोटा लोकल कुखुरा, २ गोटा परेवा, १० के.जी. दाना र २० बोरा सुली नष्ट गरी सुरक्षित तवरले तह लगाइसकिएको छ। साथै रोग प्रभावित क्षेत्रलाई पूर्ण निःसंक्रमण समेत गरिसकिएको छ।

रोगको सघन निगरानीमा सहयोग गरी रोग देखा परेको अवस्थामा तत्काल नियन्त्रण लिने कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक व्यवसायी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, निजामती कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। रोगलाई पूर्ण नियन्त्रणमा राख्न निम्नानुसारका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल समेत गर्दछौं।

- फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अवलम्बन गर्न/गराउनु हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरूले फार्म परिसरमा नियमित रूपमा निःसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु हुन,
- घरपालुवा पन्छीलाई जंगली पन्छीहरूको सम्पर्कमा आउन नदिन खुल्ला रूपमा गरिने पन्छीपालनलाई निरूत्साहित गर्न/गराउनु हुन,
- विक्रि वितरणका लागि बजार लगिएका पन्छीहरु फिर्ता ल्याउनुपर्ने भएमा खोरका अन्य बथानसँग नमिसाई कम्तिमा १४ दिन अलग्गै राख्न हुन,
- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउन हुन,

कुनै पनि पन्छी फार्म वा अन्य पन्छी बिक्री स्थलमा अस्वाभाविक रूपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन हार्दिक अपिल समेत गर्दछौं।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

२०८१/११/०८

डा. उमेश दाहाल

महानिर्देशक




CamScanner